# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-भदौ, २०७८)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ भदौ महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ८७ जना महिला र १५ जना पुरुष गरी १ सय २ जना पीडित भए । प्रकाशित समाचार अनुसार प्रदेश २ मा २५, लुम्बिनी प्रदेशमा १८ जना, कर्णाली प्रदेशमा १५ जना, गण्डकी र बागमती प्रदेशमा १३/१३ जना, प्रदेश १ मा १० जना र सुदूरपश्चिम प्रदेशमा ८ जना पीडित भए । भदौ महिनामा पत्नी हत्याको एक, परिवारजनबाट हत्याका चार, बलात्कारपछि हत्याको एक र अन्य घटनामा तीन गरी नौ जनाको हत्या भएका समाचार प्रकाशन गरिएको छ ।




भदौ महिनामा अपहरणका घटनामा दुई जना, कुटपिटका घटनामा दुई जना, घाइते एक जना, दुर्व्यवहारका घटनामा चार जना र धम्कीका घटनामा दुई जना पीडित भएका समाचार प्रकाशन गरिएको छ । त्यसैगरी भदौ महिनामा बाल अधिकार उल्लङ्घनका घटनामा ४७ जना तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना पीडित भएका समाचार प्रकाशन गरिएको छ ।

---

[1] इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । इन्सेकले अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

भदौमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी ४६ जना बालिका र एक जना बालक गरी ४७ जना बालबालिका पीडित भए । अभिलेखित घटनाहरूमध्ये बलात्कारका घटनामा ३८ जना, यौन दुर्व्यवहारका घटनामा ६ जना, बेचबिखन प्रयासको घटनामा एक जना र विद्यालयमा शारीरिक दण्ड सजायको घटनामा एक जना पीडित भए ।




महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना पीडित भए । जसमा बलात्कारका घटनामा १८ जना, बलात्कार प्रयासका घटनामा पाँच जना, यौन दुर्व्यवहारको घटनामा एक जना, बेचबिखन प्रयासका घटनामा १३ जना, 'बोक्सी' आरोपको घटनामा एक जना र घरेलु हिंसाको घटनामा एक जना महिला पीडित भए ।




भदौ महिनामा मात्रै पीसीआर विधिबाट २ लाख ८९ हजार ३ सय ६१ ओटा स्वाब परीक्षण गरिएकोमा ४४ हजार ६ सय ९५ जनामा कोभिड पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कलाई आधार मानी विश्लेषण गर्दा भदौ महिनामा परीक्षण गरिएका स्वाबमध्ये १५.४४ प्रतिशतमा कोभिड सङ्क्रमण पुष्टि भएको छ। भदौ १ गते कोभिड सङ्क्रमण निको हुनेको दर ९३.५ प्रतिशत थियो भने भदौ ३१ गते यो दर बढेर ९५.३ प्रतिशत पुगेको छ। भदौ महिनामा ६ सय ४८ जना कोभिड सङ्क्रमितको मृत्यु भएको छ। भदौ ३१ गतेसम्म ११ हजार २ जनाको मृत्यु भएको मन्त्रालयद्वारा जारी तथ्याङ्कमा उल्लेख छ। भदौ महिनामा १८ लाख ८६ हजार ४ सय ७८ जनालाई पूर्ण खोप प्रदान गरेको मन्त्रालयले जनाएको छ । भदौ ३१ गतेसम्म ५४ लाख ७३ हजार १ सय ५१ जनालाई पूर्ण खोप दिइएको छ । कोभिड-१९ सम्बन्धी दैनिक अपडेट तथा साप्ताहिक विश्लेषण इन्सेक अनलाइनमा उपलब्ध छ ।[१]

---

*सेप्टेम्बर २१ का दिनलाई अन्तर्राष्ट्रिय शान्ति दिवसका रुपमा मनाउने गरिएको छ । अन्तर्राष्ट्रिय जगतले नेपाललाई लामो समय शान्तिको देशको रुपमा कदर गरेको भएपनि २०५२ सालमा सुरु भएको सशस्त्र विद्रोहपछि शान्ति खलल भएको र द्वन्द्वसँग जोडिएर सृजना भएका जघन्य मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा न्याय, मेलमिलाप र संस्थागत सुधार हुन नसक्नुले शान्तितर्फको पहलमा शङ्का*

[१] http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/

*पैदा हुँदै गएको छ । २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतापछि राजनीतिक नेतृत्वप्रति गरिएको भरोसासमेत गम्भीर प्रश्नले घेरिएको छ । सम्झौतालाई अन्तर्राष्ट्रिय स्तरमा नै शान्ति स्थापनाका लागि नेपालले हासिल गरेको उच्चस्तरीय प्रगति भनी स्वागतसमेत गरिएको भएपनि फितलो कार्यान्वनले गर्दा संग्लन सरोकारवालाहरूप्रति आलोचना र खबरदारी बढेको छ ।*[3]

*२०७८ असोज ७ गते*


इमेलः inseconline@insec.org.np

वेबसाइटः www.inseconline.org, www.insec.org.np


[3] https://inseconline.org/np/editorial/%e0%a4%b6%e0%a4%be%e0%a4%a8%e0%a5%8d%e0%a4%a4%e0%a4%bf-%e0%a4%85%e0%a4%a8%e0%a5%81%e0%a4%ad%e0%a5%82%e0%a4%a4-%e0%a4%b9%e0%a5%81%e0%a4%a8%e0%a5%87-%e0%a4%b5%e0%a4%be%e0%a4%a4%e0%a4%be%e0%a4%b5/